ग्राफीक डिजाइन, फ्लेक्स बोर्ड, स्क्रीन प्रिन्ट, कलर प्रिन्ट, बुक सेटिङ्ग तथा छपाई, बाइन्डिङ्ग, टाईपिङ्ग, क्यालेण्डर छपाई, परिचय-पत्र भिजिटिङ्ग कार्ड, विवाह कार्ड, सेल्फ छाप, नाइलन छाप बनाइनु साथै छपाई सम्बन्धि सम्पूर्ण कार्य गरिन्छ।

एडी
कम्प्युटर एण्ड स्क्रीन प्रिन्ट
एल.एन.चौक
(त्रिनगर स्कुल गेट अगाडि)
मो.नं.: ९८४८४५५०८३

नेपाली राष्ट्रिय दैनिक

# धनगढी पोष्ट

www.dhangadhipostnews.com

यो ठाउँ विज्ञापनको लागि खाली छ।

तथ्यांकमै बरालिएको कृषिका कुरा (२)
कोषको रकम लगाएर व्यवसाय, लगानी बढाउन सकस (३)
हात्तीपाइले औषधीका बारेमा भएका भ्रमले समस्या (४)

वर्ष २१ अंक १८१ वि.सं. २०७९ फागुन ४ गते बिहीबार (Feb. 16 Thursday 2023) मुल्य रु. ४/- पेज -४

## अरूण चौधरीको रीटमा उच्च अदालतले दिएन अन्तरिम आदेश



**पोष्ट संवाददाता**

धनगढी। निलम्बित प्रतिनिधि सभा सदस्य अरुण कुमार चौधरीको मुद्दामा उच्च अदालत दिपायलले बुधबार पनि फैसला सुनाएको छैन।

उच्च अदालत दिपायलले बुधबार अन्तरिक आदेश जारी नगर्ने गरी फैसला गरेको हो। न्यायधिस देशबहादुर सार्की र न्यायधिस गणेश ठाकुरको इजलासमा भएको बहस पछि सो आदेश जारी भएको हो। उच्च अदालतले माघ २३ गते बन्दि प्रत्यक्षि अरुण चौधरीको बयान माग गरेको थियो।

अरूण कुमार चौधरीको रिटमा उच्च अदालतले फागुन २३ गते कारण देखाउ आदेश जारी गरेको थियो। न्यायधिश अर्जुनप्रसाद कोईरालाको इजलासले कारण देखाउ आदेश जारी गर्दै छलफलमा भिकाउन अन्तरिम आदेश जारी गरेको हो। अरुण चौधरीलाई रिहाइको माग गर्दै न्यायधिस कोईरालाको इजलासमा बहस भएको थियो।

बुधबार निलम्बित प्रतिनिधी सभा सदस्य चौधरीले उच्च अदालतलाई बयान दिएपनि कुनै फैसला नआएका उच्च अदालत दिपायलकी निमित्त रजिष्ट्रार सीता रेग्मीले बताइन्। 'बन्दिले विपक्षी बनाइएका कैलाली जिल्ला अदालत र जिल्ला प्रहरी कार्यालय कैलालीसंग पनि लिखित बयान माग गरिएको छ,' निमित्त रजिष्ट्रार रेग्मीले भनिन्, 'सरकारी कार्यालयको लिखित जवाफ आएपछि पुनः बहस गरेर फैसला आउला।'

उच्च अदालत दिपायलले माघ २९ गते प्रतिनिधि सभा सदस्य अरुण चौधरीको रिटमा उच्च अदालतले सरकारी वकिल कार्यालय कैलालीको नाममा अन्तरिम आदेश जारी गरेको थियो। आदेश अनुसार जिल्ला सरकारी वकिल कार्यालय धनगढीका वाकिलले अरुण चौधरी प्रकरणमा उच्च अदालत दिपायललाई १५ दिन भित्र लिखित जवाफ दिनु पर्ने छ।

'बन्दिले विपक्षि बनाएका कैलाली जिल्ला अदालत, सरकारी वकिल कार्यालयले १५ दिन भित्र लिखित जवाफ फर्काउनु पर्ने हुन्छ,' निमित्त रजिष्ट्रार रेग्मीले भनिन्, त्यहाबाट जवाफ आएपछि अन्तिम फैसला आउने छ।'

उच्च अदालत दिपायलले सरकारी वकिलको कार्यालयलाई 'अरुण चौधरी प्रकरणमा यसमा के कसो भएको हो ?, निवेदकको निवेदन माग बमोजिमको बन्दी प्रत्यक्षीकरणको आदेश किन जारी हुनु नपर्ने हो? निवेदकको माग अनुसार बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुनु नपर्ने कुनै आधार कारण एवं प्रमाण भए सो समेत खुलाई प्रमाणसहित फागुन ०३ गतेका बिहान ११ बजेसम्म उच्च सरकारी वकिल कार्यालय, दिपायलमार्फत् लिखित जवाफ पेस गर्नू' भनि आदेश गरेको थियो।

१९ माघमा बर्दियाबाट लुम्बिनी प्रदेश प्रहरीले पक्राउ गरेर २० गते चौधरीलाई जिल्ला अदालत पेश गरिएको थियो। सोही दिन अदालतले चौधरीलाई कारागार चलान गरेको थियो। २०६६ भदौ ३ गते लु २ त २११ नम्बरको ट्र्याक्टर जलाएको भन्दै २०६७ भदौ २ कैलाली जिल्ला अदालतमा अरुण चौधरीसहित तीन जनाविरुद्ध मुद्दा दर्ता भएको थियो।

### म फरार हैन : अरुण चौधरी

धनगढी। निलम्बित प्रतिनिधि सभा सदस्य अरुण चौधरीले आफु फरार अपराधि नभएको प्रतिकृया दिएका छन्।

बुधबार उच्च अदालतका लागि बयान दिएर कारागार फर्कने क्रममा उनले पहिलो आफुमाथी लागेको आरोप र त्यस पछि अदालतले गरेको फैसला बारेमा कुनै जानकारीनै नभएका बताए।

'१० बर्ष पहिले भएको फैसलाबारे आफूलाई जानकारी छैन्,' उनले भने, 'मैले न्याय पाउनु पर्छ, मैले त्यो फैसला बारे जानकारी नै पाएको थिएन।' उनले उच्च अदालतमा पुनरावेदन गरेर न्याएका लागि सरकारसंग अपिल गरेको बताए। उनले आफूलाई फरार भनेर चरित्र हत्या गर्ने काम भएको समेत बताए। माघ १९ गते उनलाई प्रहरीले बाँकेबाट पक्राउ गरेको थियो। कैलाली क्षेत्र नम्बर-२ बाट निर्वाचित चौधरीलाई रिहाको माग गर्दै २२ गते उच्च अदालत दिपायलमा उत्प्रेषण परमादेश र २७ मा बन्दी प्रत्यक्षीकरण रिट दर्ता गरिएको थियो। २०६६ भदौ ३ मा ट्र्याक्टर जलाएको भन्दै २०७० वैशाख ९ गते कैलाली जिल्ला अदालतले चौधरीसहित तीन जना विरुद्ध जनही छ महिना कैद र ८ लाख १८ हजार ४२३ रुपैयाँ पीडितलाई उपलब्ध गराउने फैसला गरेको थियो। छ महिना कैद भुक्तान नगरेको भन्दै चौधरीलाई प्रहरीले पक्राउ गरेको थियो।

## ठेक्का भएको ११ बर्षसम्म बनेन कान्द्रा नदीको पुल

**पोष्ट संवाददाता**

धनगढी। कैलालीको भजनी नगरपालिका स्थित कान्द्र नदीमा निर्माणधिन पक्की पुल ११ बर्ष सम्म पनि बन्न सकेको छैन।

हुलाकी राजमार्ग अन्तरगत भजनी नगरपालिका-३ स्थित कान्द्रा नदीमा पुल निर्माणका लागि ११ बर्ष अघि ठेक्का भएको थियो। तर केही समय ठेकेदारको लापर्वाही संगै प्राबिधिक त्रुटिका कारण पुलको स्टमेट परिवर्तन गर्नुपरे पछि पुल निर्माणमा ढिलाई भएको थियो।

लामो समय सम्म पुल नबन्दा कान्द्रा नदी वारी बस्ने चर्रा वासीले बर्षायाममा भजनी जान ज्यानको बाजी लगाउनुपर्ने बाध्यता रहेको थियो भने, हिउदमा पनि पैसा तिरेर काठेपुल मार्फत नदी तर्नुपर्ने बाध्यता रहँदै आएको छ। पछिल्लो समय भने पुल निर्माणको कामले गति लिएको छ।

कामले गति लिएपछि स्थानीयमा पुल निर्माण सम्पन्न हुने आशा पलाएको छ। पुलको बीचको स्पामको ढलान भएपछि पुल बन्ने आशा पलाएको भजनी नगरपालिकाका स्थानीय रुद्र चौधरी बताउँछन्। 'पुलको काम प्रत्येक वर्ष सुरु हुँदा यस वर्ष काम सकिन्छ भन्ने आशा जाग्थ्यो,' उनले भने, 'बर्खा लागेपछि हालत उस्तै हुन्थ्यो, अब लगभग पुलको काम सम्पन्न हुने देखिएको छ।'

भजनी नगरपालिका-३ का वडाध्यक्ष विक्रम चौधरीले पुल निर्माण सम्पन्न हुने अन्तिम चरणमा पुगेपछि भजनीवासीको पुलबाट आवागमन गर्ने सपना पूरा हुन लागेको बताए। 'दुई स्पामको काम गत वर्ष नै सम्पन्न भएको थियो, बाँकी रहेको एक स्पामको ढलान भएको छ,' अध्यक्ष चौधरीले भने, 'एक दशकपछि बल्ल पुल बन्ने आशा पलायो, लामो समयदेखि स्थानीयवासीले देखेको पुल प्रयोग गर्ने सपना पूरा हुने भएको छ।'

विशेषगरी बर्खाको समयमा भजनीका स्थानीयवासीलाई कान्द्रा नदीकै कारण ओहोरदोहोर गर्न निकै समस्या थियो। डुंगाको जोखिमपूर्ण यात्रा गर्नुपर्ने बाध्यतामा रहेका भजनीका स्थानीयले डुंगामा सवार गरेवापत पनि पैसा तिर्नुपर्ने अवस्था थियो।

हिउँदमा पनि नगरपालिकाले डुंगा सञ्चालनका लागि ठेक्का दिने भएपछि नदी तरेको पैसा तिर्दै आएका स्थानीयलाई पुल निर्माण भएपछि सबै कुराको सहज हुने स्थानीय दीपक बोहरा बताउँछन्।

'बर्खाको समयमा भजनीका अधिकांश बस्ती बाढी र डुबानमा हुन्छन्, त्यो समयमा गाउँमा कोही बिरामी पर्दा पनि अस्पतालसम्म पुर्याउन निकै कठिन अवस्था छ,' उनले भने, ' त्यसको कारण कान्द्रा नदी हो, 'पुल बनेपछि यस्ता कयौं समस्याको समाधान हुनेमा हामी आशावादी छौं। हाम्रा लागि पुल महत्वपूर्ण स्रोत बन्ने छ।' एक सय मिटर लामो सो पुलको विसं २०६८ जेठ ३१ मा ठेक्का सम्झौता भएको थियो। सुरुको समय डिजाइन परिवर्तनका कारण निर्माणमा ढिलाइ भएको निर्माण कम्पनीले बताएको छ।

बिरुवा, लामा शेर्पा साल्पा जेभीले निर्माणको ठेक्का पाएको थियो। पुल निर्माणका लागि कैयौंपटक म्याद थप गर्दा पनि काम पूरा हुनसकेको थिएन। तीन करोड ४५ लाख २० हजार रुपैयाँ लागतमा पुल निर्माणको जिम्मा निर्माण कम्पनीले पाएको थियो। पुल निर्माणकार्य अन्तिम चरणमा पुगेको हुलाकी राजमार्ग आयोजना कार्यालय धनगढीका सूचना अधिकारी दीपक सुनारले जानकारी दिएका छन्।

उनका अनुसार आगामी चैत मसान्तसम्म पुलको म्याद थप गरिएको छ। थप गरिएको समयभित्र निर्माण कार्य पूरा हुने बताइएको छ। 'पुलको महत्वपूर्ण काम सम्पन्न भइसकेको छ। थपिएको समयमा काम पूरा हुन्छ। 'यस वर्षको वर्षायाममा भजनीका जनताले पुलमा ओहोरदोहोर गर्न पाउनेछन्,' सुनारले भने, 'निर्माण कम्पनीको लापरवाहीका कारण पुल निर्माणको काम सम्पन्न हुन समय लागेको हो, अब भने काम सम्पन्न हुन्छ।

## ९० क्यूफिट काठ बरामद

**पोष्ट संवाददाता**

धनगढी। कञ्चनपुरको कृष्णपुर नगरपालिकाबाट ९० क्यूफिट भन्दा बढी अवैध काठ बरामद गरिएको छ।

कञ्चनपुरको कृष्णपुर नगरपालिका-३ मा सव-डिभिजन वन कार्यालय वाँणी, सव-डिभिजन वन कार्यालय देखतभुली र अस्थायी प्रहरी पोष्ट वाणीबाट खटिएको संयुक्त टोलीले अवैध काठ बरामद गरेको हो। संयुक्त प्रहरी टोलीले उक्त स्थानका बिभिन्न व्यक्तिहरुको घरमा राखिएको अबैध सालको काठ र गोलिया बरामद गरेको हो।

कृष्णपुर नगरपालिका-३ देखतभुलीका बिकासी रानाको घरबाट १० फिट ३ ईन्च, गोलाई ५९ ईन्च भएको एक थान सालको गोलिया, ७ फिट २ ईन्च लम्बाई, ८९ ईन्च गोलाई भएको सालको सालको एक थान गोलिया र लम्बाई ७ दशमलव २ फिट, चौडाई १७ ईन्च, गोलाई १५ ईन्च भएको सिल्ली सालको एक थान गरी ३९ दशमलव ३० क्यूफिट काठ बरामद गरिएको छ।

त्यस्तै रामा रानाको घरबाट लम्बाई ६ फिट, गोलाई १० ईन्च र मोटाई ४ ईन्च भएको सिल्ली सालको तीन थान गरी ५१ दशमलव १८ क्यूफिट अवैध काठ बरामद गरिएको हो। दुबै स्थानबाट गरी ९० दशमलव ४८ क्यूफिट अवैध काठ बरामद गरिएको जिल्ला प्रहरी कार्यालय कञ्चनपुरले जनाएको छ। सो बारेमा थप अनुसन्धान भैरहेको प्रहरीले जनाएको छ।

## लागुऔषध सहित श्रीमान-श्रीमती पक्राउ

**पोष्ट संवाददाता**

धनगढी। कैलालीको धनगढीबाट लागुऔषध सहित श्रीमान श्रीमती पक्राउ परेका छन्। धनगढी उपमहानगरपालिका - १० खप्तड इँटाभट्टा नजिकबाट लागूऔषधसहित श्रीमान श्रीमती पक्राउ परेका हुन्। ८ सय ५० मिलिग्राम लागुऔषधसहित धनगढी उपमहानगरपालिका - १५ का २३ वर्षीय हुकुम राना र श्रीमती २३ वर्षीया निलु चौधरी पक्राउ परेका छन्।

अस्थायी प्रहरी पोष्ट जुगेडाबाट खटिएको प्रहरी टोलीले सुदूरपश्चिम प्रदेश ०१-००९ प २५८३ नम्बरको स्कुटरलाई जाँच गर्ने क्रममा स्कुटरमा सवार दुबै जनालाई लागुऔषधसहित पक्राउ गरिएको प्रहरीले जनाएको छ।

त्यस्तै गोदावरी नगरपालिका वडा नं. १ का २४ वर्षीय सुमन थापा ४ ग्राम ३ सय ९० मिलिग्रामसहित पक्राउ परेका छन्। ईलाका प्रहरी कार्यालय मालाखेतीबाट खटिएको प्रहरी टोलीले थापालाई घरबाटै पक्राउ गरेको हो।

## पुर्चौंडीमा कर्मचारी भर्ना गर्दा विवाद

### प्रमुख प्रशासकिय अधिकृत कार्यालय छोडेर धनगढीमा

**पोष्ट संवाददाता**

धनगढी। बैतडीको पुर्चौंडी नगरपालिकामा कर्मचारी भर्नामा विवाद देखिएको छ। विभिन्न पदमा नगरपालिकाले कर्मचारी भर्नाका आवेदन खोलेको थियो। सोमबार भएको रोजगार सहायक एक जना, कम्प्युटर अपरेटर एक जना, पञ्जीकरण शाखाका लागि एक जना र १२ जना कार्यालय सहयोगीका लागि भएको परीक्षा प्रक्रियागत नभएको आरोप लागेको छ।

परीक्षाको नतिजा आए संगै स्थानीय युवाहरुले घेर्न थालेपछि प्रमुख प्रशासकीय अधिकृत बीरबहादुर नेपाली भागेर सदरमुकाम पुगेका थिए। सदरमुकाममा प्रमुख जिल्ला अधिकारीलाई भेटेर उनी धनगढी पुगेका छन्।

प्रमुख जिल्ला अधिकारी सुरेश पन्थीसंग भेटमा उनले परीक्षा निष्पक्ष रुपमा सञ्चालन गर्दा आफूमाथि धम्की आएको गुनासो गरेको बुझिएको छ। कर्मचारी छनौट गर्दा प्रक्रिया नपुर्याएको आरोप लागेपनि सो आरोपको भने प्रमुख प्रशासकीय अधिकृत नेपाली खण्डन गरेका छन्। प्रक्रियागत हिसाबले अगाडि बढ्दा आफूमाथि धम्की आएको उनले प्रशासनसंग दुखेसो पोखेका छन्।

सदरमुकाम आएको बिषयमा सोध्दा प्रमुख प्रशासकीय अधिकृत नेपालीले आफू धनगढी गइरहेको र अहिले केही भन्न नसकिने अवस्थामा रहेको बताए।

## लम्कीमा कर्मचारी माथी हातपात

**पोष्ट संवाददाता**

धनगढी। कैलालीको लम्कीचुहा नगरपालिकाका ईन्जिनियर प्रशान्त अधिकारी माथि हातपात भएको छ। बुधबार अधिकारीको कार्यकक्षमै हातपात भएको लम्कीचुहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत शेर बहादुर बुढाले बताए।

योजनाको बिल उठाउने बिषयलाई लिएर इन्जिनियर अधिकारीलाई लम्कीका ठेकेदार प्रकाश शाहीले हातपात गरेको लम्कीचुहा नगरपालिकाकाले जनाएको छ।

नगरपालिकाका ईन्जिनियर प्रशान्त अधिकारी माथि काम गरेको भुक्तानी माग्दै ठेकेदारले हातपात गरेका हुन्। अहिले कर्मचारी पेनडाउन गरेर आन्दोलित भएका छन। हातपात गरेपछि नगरपालिकाका सबै कामकाज ठप्प भएका छन्। ईलाका प्रहरी कार्यालय लम्कीका प्रमुख शंकर खड्काले घटनाको बारेमा अनुसंधान भईरहेको बताएका छन।'

योजनाको बिल उठाउने बिषयलाई लिएर इन्जिनियर अधिकारीलाई लम्कीका ठेकेदार प्रकाश शाहीले हातपात गरेको नगरपालिकाकाले जनाएको छ। विज्ञप्ती नै जारी गरेर विरोध गरिएको छ।

## प्रदेश प्रहरी प्रमुख सिंहविरुद्ध अख्तियारमा उजुरी

**पोष्ट संवाददाता**

धनगढी। सुदूरपश्चिम प्रदेश प्रहरी प्रमुख डीआईजी अशोक सिंहविरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी परेको छ। हाल सुदूरपश्चिम प्रदेशका प्रमुख रहेका डीआईजी सिंहविरुद्ध शैक्षिक योग्यताको विषयमा प्रश्न उठाएर उजुरी परेको हो। दर्ता नम्बर सी-०४१७१७ नम्बर रहेको उक्त उजुरीमा हुँदै नभएको योग्यता देखाई, नक्कली शैक्षिक योग्यताको प्रमाणपत्रका आधारमा २८ वर्षसम्म जागिर खाएको, नागरिकतामा उमेर समेत सच्याएको' बताइएको छ। उनले डीआईजी हुन पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली रहेको दाबी गरिएको हो। डिआईजी सिंहले नेपाली नागरिकताको प्रमाणपत्रमा उमेर घटाएको, वास्तविक थर लुकाएको र नक्कली शैक्षिक योग्ताको प्रमाण पत्र पेश गर्दै जागिर खाएको भन्दै बुधबार अख्तियारमा उजुरी परेको हो।

सिंहले पढ्दै नपढी भारतको लखनउबाट नक्कली प्रमाणपत्र ल्याएको आरोप लगाइएको छ। अख्तियारका सहायक प्रवक्ता देवीप्रसाद थपलियाले सिंहविरुद्ध अख्तियारमा उजुरी दर्ता भएको पुष्टि गरे। दर्ता उजुरीउपर नियमानुसार अनुसन्धान अगाडि बढाउने बताएका छन्।

मनिकर कार्की

# तथ्यांकमै बरालिएको कृषिका कुरा

केही समयअघि चितवनका कृषकले आफ्ना उत्पादनले बजार भाउ नपाएको भन्दै सडकमा तरकारी फालेर विरोध जनाए । सो घटना लगत्तै झापाका कुखुरापालक किसानले पनि उत्पादित कुखुरा र अण्डाले उचित बजार भाउ नपाएको भन्दै सडकमै अण्डा र कुखुरा छाडेर विरोध प्रदर्शन गरे ।

विगतमा जस्तै सिजनको समयमा पनि नेपालमै उत्पादित कृषि उपजले बजार नपाउने अवस्थाका कारण जहिल्यै किसान 'मर्नुपर्ने' अवस्था आएको भन्दै कृषकले विरोध गरे र गर्दैछन् । यी दुई घटनाबाट नेपालको आन्तरिक कृषि उत्पादनले बजार नपाउने तर, कृषि बजार भने भारतीय उत्पादनले भरिभराउ हुने अवस्था चरितार्थ भएको छ ।

जहाँसम्म तरकारीजन्य कृषि उत्पादनको सवाल छ, नेपालमा उत्पादित कृषि उपजका लागि व्यवस्थित संकलन र बजारीकरणको समस्या विकराल बन्दै गएको देखिन्छ । किसानका उत्पादनलाई नियमित रूपमा बजारीकरण गर्न नसक्नु र नेपालका कृषि व्यवसायीहरूले पनि त्यसरी नेपालमै उत्पादित कृषि उत्पादनलाई महत्व दिएर आपूर्ति प्रणालीमा समावेश गराउन नखोज्दा यो अवस्था आएको हो ।

संभवतः नेपाली उत्पादनले बजार नपाउनुको मुख्य कारण लागत मूल्य, उत्पादनमा नियमितता र विविधता पनि एक हो । किनकि नेपालको कृषि बजार एकीकृत भएकै छैन । र, यहाँको कृषिले व्यावसायिकता हासिल गरेकै छैन ।

किसानहरूले पनि बजारको माग अनुसारको उत्पादनलाई भन्दा पनि मौसमी प्रकृतिको उत्पादनलाई नै जोड दिंदा मौसमको अनुकूलतामा माग भन्दा आपूर्ति बढ्न जाने हुँदा उचित बजार भाउ पाउन सकेको देखिंदैन ।

फेरि कृषि उपज संकलन र आपूर्तिमा संलग्न बिचौलियाहरूले पनि संभावित आन्तरिक उत्पादनको आकलन गरी अपुग मात्रै आयात गर्ने परिपाटी कायम नगरिदिंदा आफ्नै किसान भने सधैं मारमा पर्ने गरेका छन् ।

यसै क्रममा आफ्नो उत्पादनको बजारीकरणमा हैरानी खेपेको रूपन्देहीका एक कृषक मित्र गुनासो गर्दैथिए, 'नाकाबाट विना भन्सार अतिरिक्त भित्रिने कन्टेनरको लेखाजोखा नहुँदासम्म नेपालमा उत्पादित तरकारीजन्य उपजले भाउ पाउन सक्दैन ।' खासमा व्यापारीहरूले आन्तरिक उत्पादनको बजारीकरणलाई प्राथमिकता नदिंदा नेपालमा उत्पादित वस्तुले बजार नपाउने अवस्था सिर्जना हुन पुगेको हो । त्यसैगरी सरकारले पनि आफ्ना किसानले उत्पादन गरेका उपजको उपभोग र बजारीकरणलाई प्रवर्द्धन गर्ने संयन्त्र निर्माण गर्न सकेको देखिंदैन । परिणामस्वरूप सडकमा दूध, तरकारी फालेर विरोध गर्ने अवस्था नियमित जस्तै बनेको छ ।

साथै कमसल बीउका कारण मकैका घोगामा दाना नलाग्ने, खेतमा लगाइएको धान नपसाउने, उखु किसानले उखुको उचित मूल्य नपाउँदा खेतमै उखुबालीमा आगो लगाउनुपर्ने जस्ता उत्पादन र बजारीकरणका समस्या यथावत् रहेका छन् ।

यसअघि पनि पटक-पटक उखु उत्पादक किसानले मुलुकको राजधानी काठमाडौंमा आन्दोलन गरेका थिए । आफूहरूलाई चिनी मिलले दिनुपर्ने बाँकी बक्यौता रकम भुक्तानी नगरेको र उत्पादित उखु बिक्रीबाट लागत समेत नउठ्ने अवस्था अन्त्यको माग गर्दै किसानले लामो संघर्ष गरे । किसानको संघर्षपछि सरकारले समयमै मूल्य तोक्ने र तत्काल बाँकी बक्यौता भुक्तानीका लागि उखु मिललाई निर्देशन पनि गर्‍यो । तर, उखु किसानका समस्या ज्यूँकात्यूँ छ ।

प्रत्येक वर्ष फसल काट्ने बेलामा भाउको टुंगो हुँदैन । अनि एकातिर सस्तो मूल्यमा मिललाई उधारोमा उखु बेच्ने कि खेतमै सुक्न दिने भन्ने विकल्पविहीन अवस्थामा किसान पुग्ने गरेका छन् । अर्कोतिर तिनै उखुमिल व्यवसायीहरूले राजनीतिक तथा प्रशासनिक लाभमा बसेर किसानमाथिको ज्यादती यथावत् राख्ने गरेका छन् ।

त्यस्तै धान उत्पादन गर्ने किसानको अवस्था पनि उस्तै दुरुह छ । प्रत्येक वर्ष सरकारले किसानका लागि धानको समर्थन मूल्य पनि तोकिदिने गरेको छ । तर, सरकारले समयमै समर्थन मूल्य नतोकिदिंदा किसान सस्तो मूल्यमा व्यापारीलाई आफ्ना उत्पादन बुझाउन बाध्य छन् । सरकारी संयन्त्र भने जहिल्यै धानको समर्थन मूल्य कार्यान्वयनमा ढिलाइ गर्छ । यसै वर्षको उदाहरण हेर्ने हो भने पनि सरकारले कात्तिक महिनाको मध्यतिर धानको समर्थन मूल्य तोकिदियो । तर, सोको कार्यान्वयनका लागि परिपत्र भने मंसिर अन्त्यतिर मात्रै भएको थियो ।

सरकारले चालू वर्ष २०७९/८० का लागि मोटा धानको मूल्य प्रतिक्विन्टल २ हजार ९६७ रुपैयाँ र मध्यम धानको मूल्य प्रतिक्विन्टल ३ हजार १२८ रुपैयाँ तोकिदिएको थियो । तर, विगतमा जस्तै कृषि मन्त्रालयबाट सम्बन्धित कृषि कार्यालयहरूलाई प्रवाहित हुने समर्थन मूल्यको निर्णयको परिपत्र भने मंसिरको अन्त्यतिर मात्रै पुगेको थियो । जसका कारण किसानले व्यापारीलाई उनीहरूकै मूल्यमा धान बेच्न बाध्य भए । कतिपय सरकारले तोकेको समर्थन मूल्यप्रति जानकार किसानहरूले समेत प्रतिक्विन्टल २ हजारदेखि २ हजार ४०० रुपैयाँसम्ममा धान बेच्न बाध्य भए ।

किनकि किसानलाई आफ्नो उत्पादन भण्डारण गरेर राख्ने अनुकूलता नै हुँदैन । अधिकांश उत्पादन खेतबाटै उठाइने हुँदा ढिला गरेर आउने सरकारी समर्थन मूल्य केवल हात्तीको देखाउने दाँत मात्रै हुने गरेको अनुभव कृषकको छ । के सरकारी निकायहरू यो दुरवस्थाबाट जानकार छैनन् ? सरकारलाई यो सूचना छैन ? निश्चय नै सरकारी संयन्त्रले समय घर्केपछि मूल्य कार्यान्वयनका लागि सूचित गर्नु गलत मनसाय र खराब नियतकै सवाल हो । र, यो केवल सरकार, प्रशासन र व्यापारीहरूबीचको मिलेमतोको एउटा सानो दृष्टान्त मात्रै हो । यस्ता अनेकन् चंगुलमा साना र सोझा कृषकहरू जहिल्यै पिल्सिने गरेका छन् ।

तथ्यांकमै रुमल्लिएको कृषि बहसलाई किसानमुखी बनाउनुपर्छ । जसका लागि सबैभन्दा पहिले किसान चिन्नुपर्‍यो । किसानका समस्यामा परिचित हुनुपर्‍यो । किसानका दुःख र पीडा बोध हुनुपर्‍यो । अनि बुझ्नुपर्छ कि नेपालको भौगोलिक विविधता अनुसार नेपालको कृषिको समस्यामा पनि विविध आयाम छन्, जसको एउटै समाधान हुँदैन । समाधान फरक-फरक हुनेछ । किनकि बजारको पहुँच नभएको ठाउँमा पहिले पहुँच आवश्यक छ भने बजारबाट शोषित किसानका लागि शोषण हटाउने संयन्त्र पहिलो आवश्यकता हो त्यसमाथि खेती गर्ने समयमा मल नपाउने समस्या, बीउबिजन र सिंचाइको समस्या त दीर्घकालीन अवरोध नै भइगयो । नगदेबालीमा निर्भर किसानले भने आफ्ना उत्पादित उपजले उचित बजार नपाउने नै मुख्य समस्या हो । यी केही प्रतिनिधि घटनाले नेपालको कृषि उत्पादन, आपूर्ति र कृषि उपजको बजारीकरण तथा कृषकको अवस्था झल्काउने गरेको छ ।

त्यसैले नेपालमा कृषिको संभावनाको कुरा गर्दा हामीले आधारभूत रूपमा ग्रहण गर्नुपर्ने विषय भनेकै कसरी उत्पादित वस्तुलाई नियमित आपूर्ति प्रणालीमा जोड्ने ? कसरी किसानलाई कृषिप्रति आकर्षित गर्ने ? कसरी कृषकको सुरक्षा गर्ने ? कसरी उपयुक्त बजार भाउ र बजारको सुनिश्चितता गर्ने ? इत्यादि नै मुख्य विषय हो । तर, हाम्रो कृषि विमर्श भने अन्तै कतै बरालिएको अनुभूति हुन्छ । मूलतः हाम्रो कृषि विमर्श र बहस तथ्यांकमै केन्द्रित छ ।

अक्सर कृषिका कुरा गरिने थलो भनेका शहर-बजारका सुविधासम्पन्न होटल एवं विमर्श केन्द्रहरू हुने गरेका छन् । अनि त्यो विमर्शमा राज्यका प्रतिनिधि र गैरकृषकहरूकै बाहुल्य हुने गरेको छ । केन्द्रीय राजधानीका तारे होटलदेखि प्रादेशिक राजधानी र शहर-बजारसम्ममा कृषिका कुरा हुन्छन् । जहाँजहाँ कृषिको संभावना र चुनौतीबारे बहस हुन्छन्–ती बहसको एउटै फर्म्याट हुन्छ । एउटै दृष्टिकोण हुन्छ । अनि एउटै प्रेस्क्रिप्सन पनि । अर्थात्, नेपालको कृषि विमर्श तथ्यांकीय आँकडाबाट सुरु हुन्छ र त्यही आँकडामा गएर टुंगिने गरेको छ ।

अनि ती आँकडाले किसानका समस्या, कृषिका समस्या, बीउ-मलका समस्या, बजारको समस्यालाई कहिल्यै उजिल्याउँदैन । बरु एकोहोरो शैलीमा बाँझो जमिनको विवरण, सिंचाइ अवस्थाको विवरण, अन्नबाली र नगदेबालीका विवरण, वर्षात्को अवस्थाको विवरण, कृषि क्षेत्रबाट पलायन अवस्थाको विवरण इत्यादिमै छलफल केन्द्रित हुने गरेको छ ।

पंक्तिकारले पनि बेलाबखत कृषिका कुरा गर्ने थलोमा सहभागिता जनाउँदा देखे-सुनेको भोगाइ हो, यो । जब हामी कृषिका कुरा गर्छौं, कृषिसँग जमिनको कुरा अन्योन्याश्रित भएर आउँछ । जमिनसँगै जमिनको प्रयोगको कुरा जोडिन्छ । जमिनसँग सम्पत्तिको स्वामित्व र सम्पत्तिको मानकको विषय जोडिन्छ । अनि जमिनको बिक्री-वितरण केका लागि भइरहेको छ भन्ने विषय आउँछ ।

जमिनको प्रयोगमा आवासको कुरासँगै जोडिएर आउँछ । अनि आवास निर्माणका लागि जमिनको खण्डीकरण अनिवार्य बन्दै गएको कुरा आउँछ । त्यसैले जमिनलाई सम्पत्तिको मानक ठान्ने र त्यो जमिन केवल ओगट्नकै लागि खरिद गर्ने सामाजिक चेतका कारण जमिनको उपयोगिता सही हुनसकेको छैन । त्यसैले आवासको व्यवस्थापन बेगर कृषिको आधुनिकीकरण र व्यावसायिकीकरणको कुरा हावादारी लाग्छ । परिणामस्वरूप विगत लामै समयदेखि कृषिलाई अर्थतन्त्रको मेरुदण्ड भनेर भनिरहने तर, कृषिको विकास र उत्पादन वृद्धिमा योजनाबद्ध काम नगर्ने परिपाटी संस्कृतिकै रूपमा विकास भएको छ ।

कृषिको भविष्यको कुरा गर्दैगर्दा सबैभन्दा पहिले उत्तर खोज्नुपर्ने विषयहरू हुन् - कृषिप्रति राज्यको नीति के हो ? प्राथमिकता कहाँ हो ? कृषक को हुन् ? किसानले किन उत्पादन गर्ने ? उत्पादन गरेर कहाँ बेच्ने ? बजारको सुनिश्चितता कसले गरिदिन्छ ? उत्पादन प्रक्रियामा किसानका समस्या के हुन् ? कृषि बजारको अवस्था कस्तो छ ? भन्ने सवालहरूको उचित जवाफ खोजिनुपर्छ ।

त्यसैगरी कृषि बजारका बिचौलियाहरूलाई कसरी संस्थागत गर्ने ? उनीहरूको शक्तिलाई के कसरी नियमन गर्ने ? भन्ने विषयलाई पनि नियामक निकायले सम्बोधन गर्नु जरूरी हुन्छ । कृषि बजार र उपभोक्ताबीचको सम्बन्धलाई समेत परिभाषित गर्नुपर्छ । कृषि बजारको निर्माण र सञ्चालनलाई व्यवस्थित गर्नुपर्छ । त्यस्ता बजारले कृषकलाई सहयोग पुर्‍याएको छ कि शोषण गरेको छ ? के किसानले आफ्नो उत्पादनको मूल्य पाएका छन् ? कृषिमा किसानको आकर्षण छ कि छैन ? भन्ने सवालको उत्खनन् जरूरी छ ।

अनि किसानको सुरक्षा र आत्मविश्वास बढाउने उपाय अवलम्बन गर्नु अपरिहार्य हुन जान्छ । अनि अर्को महत्वपूर्ण सवाल भनेको देशको भौगोलिक अवस्था र हावापानीको विविधता अनुकूल हुने गरी कृषि उत्पादनमा विविधीकरण गर्नु हो । समथर तराई, मध्य पहाड, उच्च पहाड र हिमाली क्षेत्रको विविध हावापानीमा कृषिको विविधीकरण कस्तो हुनुपर्छ ? कृषिमा आवश्यक प्राविधिक ज्ञान, सीप, दक्षता र क्षमता निर्माणको स्रोत के हो ? त्यसमा पनि घोत्लिनु जरूरी देखिन्छ ।

तर, हाम्रो कृषि विमर्श यति पारम्परिक र कर्मकाण्डी छ कि- हाम्रो विमर्शको सुरुवात नेपालको कृषियोग्य भूमिको आँकडाबाट सुरु हुन्छ । अनि अथाह संभावनाको लाइनसँगै त्यो टुंगिने गरेको छ । कृषि गणनाको तथ्यांकबाट सुरु भएको विमर्श पारम्परिक शैलीमा कृषिको आधुनिकीकरण, व्यावसायिकीकरण अनि यान्त्रिकीकरणको आवश्यकतासम्म पुग्छ । अनि पुनः एकपटक कृषिलाई अर्थतन्त्रको मेरुदण्ड स्थापित गर्दै विमर्शको मैजारो हुन्छ । त्यसैले अब कृषिको कुरा गर्दा माथि उठाइएका प्रश्नहरूबाट सुरु गर्नुपर्‍यो, न कि तथ्यांक र संभावनाको पेटारोबाट ।

कृषि विकासका लागि कृषिलाई स्थानीयकरण गर्नु जरूरी छ । किनभने कृषि भनेकै कुनै स्थान विशेष वा मुलुकको कुनै कुनाको जमिनमा उत्पादन गर्ने कुरा हो । त्यहाँ एक व्यक्तिको स्थानीय स्रोत, ज्ञान, सीप र समयकै उपयोग भएको हुन्छ । त्यसैले यो नितान्त स्थानीय सवाल हो । स्थानीय सवाल कुनै एक स्थानीय तह, वडा वा गाउँ-टोलको हुन्छ । त्यसैले कृषि र किसानका समस्या त्यही गाउँ-टोलमै छलफल गरी त्यहीं संभावनाको उजागर गरिनुपर्ने विषय हो । तर, हामीले यसलाई जहिल्यै राष्ट्रिय विषयकै रूपमा ग्रहण गर्‍यौं । जहिल्यै विमर्शमुखी नीतिको विषय ठान्यौं । राज्यले पनि त्यही स्वरूपमा गतिविधि गर्दै आयो र गरिरहेको छ । परिणामस्वरूप बहस र विमर्शको नियति बदलिन सकेको छैन ।

> "लेखक सोमत घिमिरेले आफ्नो पुस्तक 'जुर्मुराएको बखत'मा लेखेका छन्– 'आयातित ज्ञानले समाजको वास्तविकतालाई विश्लेषण गर्न सक्दैन । ' पुस्तकहरूबाट मात्रै ज्ञानको संग्रह गरियो र समाजलाई बहिष्करण गरियो भने त्यो ज्ञान एकांगी हुन्छ, कामयाबी हुँदैन ।'"

स्थानीय रूपमा उत्पादन भइरहेका उपजहरूलाई एकीकृत बजार प्रणालीमा प्रवाहित गर्ने र त्यसैको व्यावसायिकीकरण गर्ने रणनीति अनुरूप स्थानीय तहहरूलाई क्रियाशील गर्न सक्नुपर्छ । स्थानीय तहले वडाहरूलाई कृषि उपजको उत्पादनका आधारमा बजार प्रवर्द्धन गरिदिने, वडाको अन्य आर्थिक तथा सामाजिक विकासमा थप अनुदान दिने परिपाटीको सुरुवात गरियो भने स्थानीय तहले उत्पादनमा आधारित प्रणालीको विकास गर्नेछन् । स्थानीय तहहरूले उपल्लो तहबाट थप अनुदान प्राप्तिका लागि उत्पादन र उत्पादकत्व बढाउने रणनीति अवलम्बन गर्नेछन् । यसले गर्दा स्थानीय तहहरूबीच प्रतिस्पर्धात्मक उत्पादन प्रणालीको विकास हुनेछ ।

अनि उत्पादनपछि बजारको प्रबन्धका लागि राज्यले उत्तरदायी संयन्त्र निर्माण गरिदिनुपर्छ किनकि उत्पादन कर्ममा संलग्न किसान आफैंले बजारको खोजी गर्न सम्भव हुँदैन । उत्पादन गर्नेले उत्पादन गर्ने हो, उसको उत्पादनलाई उचित मूल्यमा खरिद गरी बजारसम्म पुर्‍याउने अर्को छुट्टै संयन्त्र क्रियाशील हुनुपर्छ । राज्य र राज्यका संयन्त्रहरूको आवश्यकता त्यसैका लागि जरूरी हुन्छ ।

त्यही संयन्त्रले नै किसानको उत्पादनलाई बजारसम्म पुर्‍याउनुका साथै बजारको अतिरिक्त शोषणबाट पनि बचाउने गर्दछ । त्यसैले अहिले कृषकको समस्या हेर्ने हो भने कृषकहरू एकातिर सरकारी बेवास्ताको शिकार भएका छन् भने अर्कोतिर बजारको अभाव र बजारकै शोषणको अन्तरविरोधबाट गुज्रिरहेका छन् । अनि कृषि विकास र किसानको उत्थानका लागि काम गर्न तम्सिएका अनेकन् गैरसरकारी संस्थाहरूको कर्मकाण्डी गोष्ठी, छलफल तथा आयातित ज्ञानको माखेसाङ्लोमै रुमल्लिनुपर्ने अवस्था विद्यमान रहेको छ ।

लेखक सोमत घिमिरेले आफ्नो पुस्तक 'जुर्मुराएको बखत'मा लेखेका छन्– 'आयातित ज्ञानले समाजको वास्तविकतालाई विश्लेषण गर्न सक्दैन । ' पुस्तकहरूबाट मात्रै ज्ञानको संग्रह गरियो र समाजलाई बहिष्करण गरियो भने त्यो ज्ञान एकांगी हुन्छ, कामयाबी हुँदैन ।'

वास्तवमा कृषिको समस्या पहिचान गरी समाधान गर्न भुईंतहसम्म पुगेर किसानको खेतबारी नियालेर किसानले दैनन्दिन झेल्नु परेको समस्या उजागर गर्न जरूरी छ । किसानलाई पहिचान र सम्मान दिन जरूरी छ । किसानलाई सम्मान दिन सकिएन भने उनीहरू सधैं हीनताबोध पालेर बाँच्न बाध्य हुन्छन् । अनि हीनताबोध पालेर बस्नुपर्दाको अवस्थामा कसरी कृषि फस्टाउँछ ? कसरी उत्पादन बढ्छ ? कसरी मुलुक आत्मनिर्भर हुन्छ ?

एउटा सत्य के हो भने देश प्रगतिपथमा लम्किन केही न केही आफ्नोपनको विकास अपरिहार्य हुन्छ । अर्थतन्त्रमा तुलनात्मक लाभ दिने कुनै न कुनै क्षेत्रको प्रचुर विकास विना प्रगति हासिल हुन सक्दैन । जसरी हरेक व्यक्तिको आफ्नै किसिमको जिउने कला हुन्छ, त्यसैगरी हरेक देशको पनि उन्नतिका लागि आफ्नै पृष्ठभूमि र प्राथमिकता हुन्छन् र हुनुपर्छ । हामीले प्रगतिपथमा लम्किनका लागि हाम्रो अर्थतन्त्रको स्वरूप र आधार हामी आफैंले निर्धारण गर्ने हो । अब हामीले पनि आयातित ज्ञानमा होइन, आफ्नै माटोमा उत्पन्न रैथाने ज्ञान, सीप र कलालाई केन्द्रमा राखेर कृषि अर्थतन्त्रको पुनर्संरचना गर्नुपर्छ ।

त्यसैले ठाउँ, परिवेश र भूगोल अनुसारका किसानका समस्याको पहिचान र निदान नै कृषिको व्यवसायीकरण र आधुनिकीकरणको पहिलो प्रस्थान विन्दु हो । त्यसैले कृषिको विकासका लागि किताबका कुरा हैन, अब किसानका कुरालाई ध्यान दिनुपर्छ । किसानका समस्या समाधान गर्न उद्यत हुनुपर्छ । राज्यले किसानलाई सस्तो बीउ हैन, उत्पादित कृषि उपजका लागि बजारको व्यवस्था गर्न सक्नुपर्छ । किसानका उत्पादनको मूल्य पाउने अवस्था सिर्जना गर्नुपर्छ ।

यसका लागि तथ्यांकमै रुमल्लिएको कृषि बहसलाई किसानमुखी बनाउनुपर्छ । जसका लागि सबैभन्दा पहिले किसान चिन्नुपर्‍यो । किसानका समस्यामा परिचित हुनुपर्‍यो । किसानका दुःख र पीडा बोध हुनुपर्‍यो । अनि बुझ्नुपर्छ कि नेपालको भौगोलिक विविधता अनुसार नेपालको कृषिको समस्यामा पनि विविध आयाम छन्, जसको एउटै समाधान हुँदैन । समाधान फरक-फरक हुनेछ । किनकि बजारको पहुँच नभएको ठाउँमा पहिले पहुँच आवश्यक छ भने बजारबाट शोषित किसानका लागि शोषण हटाउने संयन्त्र पहिलो आवश्यकता हो ।

**(साभार : अनलाइन खबरबाट)**

राजेन्द्र किराती

# निर्विकल्प होइन संसदीय पद्धति

हामी पुँजीवादी लोकतान्त्रिक समाज-व्यवस्थाको अभ्यासमा रहेका छौं । राष्ट्रिय राजनीति संसदीय प्रणालीद्वारा निर्देशित रहेको छ । मूलतः संसदीय प्रक्रियामा बहुदलीय प्रतिस्पर्धा, बालिग मताधिकारका आधारमा आवधिक निर्वाचन, बहुमतको सरकार, अल्पमतको विपक्ष, मानव अधिकार, सामाजिक न्याय र सुशासनको वकालत गरिन्छ । यी लोकतन्त्रको सैद्धान्तिक, नीतिगत तथा आदर्शगत आधारभूत अवधारणा हुन् । तर आज यस्ता स्वादिला र गुलिया शास्त्रीय दिव्य-वाणीका पर्दाभित्र विभिन्न स्वार्थगत हर्कतमा सीमित हुँदै गइरहेको छ संसदीय लोकतन्त्र अर्थात् आआफ्नै निहित स्वार्थमा यसको चरम अपव्याख्या हुनथालेको छ । यो असाध्यै विकृत बन्दै गइरहेको छ अर्थात् जनअपेक्षा र समय सापेक्ष यसको रूपान्तरण अनिवार्य हुँदै गइरहेको देखिन्छ ।

नेपालमा संसदीय प्रणालीको अभ्यास आरम्भ भएको पनि तीन दशक बढी भइसकेको छ । यो अवधिमा यसले जनताका उन्मुक्तिका कुरा, स्वतन्त्रता, समानता, न्याय, जनजीविका, विकास, समृद्धि र सुखी नेपालीको धेरै वकालत गरिएको छ । जनतालाई यो दिन्छौं, त्यो दिन्छौं अनि यो गर्छौं त्यो गर्छौं भनेको पनि अति नै भइसकेको छ ।

चुनावमा गरिएका सम्पूर्ण वाचा-कसमहरूको विवरणलाई अभिलेखीकरण गर्ने हो भने फाइलको भण्डारण क्षमताले धान्नेवाला छैन । जनताले यस्ता धेरै चुनावहरू झेलिसकेका छन् अनि सुगरकोटेड खोक्रो आस्वासन धेरै पचाइसकेका छन् । तर जनताका चाहना र संसदीय लोकतन्त्रको अर्थराजनीतिक कार्यसम्पादनबीच सन्तुलन देखिँदैन अर्थात् जुन रूपमा जनताका उपभोगवादी लालसा र भावना उर्लिरहेको छ त्यही अनुपातमा राजकीय दायित्व पुगिराखेको छैन ।

पछिल्लो विकसित राष्ट्रिय राजनीतिक घटनाक्रमहरूलाई नियाल्दा संसदीय प्रणाली झनै गलत दिशातर्फ गइरहेको आभाष हुन्छ । न्यूनतम रूपमा स्थायित्वका लागि बहुमत आवश्यक हुन्छ । आज संसदीय राजनीतिले जसरी पनि बहुमत पुर्‍याउने खेलमा आफ्नो मूल्य-मान्यतालाई लिलाम गरिरहेको छ । बहुमत पुर्‍याए पनि समस्याको हल भइराखेको छैन । अल्पमत हुँदा त झन् हुने कुरै भएन ।

विडम्बना नै भन्नुपर्छ, बहुमत पुग्यो भत्काउने खेल हुन्छ, पुगेन पुर्‍याउने अर्को रणनीतिक खेल हुन्छ । मिल्यो फुटाउने चलखेल हुन्छ । झगडा गर्‍यो झनै बल्झाउने जालझेल हुन्छ । पुरानोले गरेन, नयाँले गर्छ कि अनि एबीसीडीले गरेन, अरूले गर्छ कि भनेर अमूक पार्टी र व्यक्तिभित्र विकल्प खोज्दा अहिलेसम्म समाधनमुखी वा वस्तुवादी विकल्प भेटिएको छैन । नयाँले गर्छ कि वा अर्कोले पो गर्छ कि भन्ने बनीबनाउ विकल्पमा हाम्रो राजनीति घुमिरहेको छ । तर अहिलेसम्म सही विकल्प फेला परेको देखिँदैन । यसले दुईवटा आयामलाई आकर्षित गर्दछ । एउटा यसलाई हामीले उपयोग गर्न जानेनौं भनेर स्वीकार गर्न सकिन्छ । अर्को यो अब असफल हुँदैछ, यसकारण यसको सही विकल्प खोज्नुपर्छ भनेर बहस गर्न सकिन्छ ।

वस्तुतः जनताले विकल्प खोजेको देखिन्छ तर उनीहरूले प्रणालीमा नभएर अमूक पार्टी, गुट र पात्रमा विकल्प खोजिरहेका छन् । सारभूत कमजोरी यहींनेर भइरहेको छ । यही सिलसिलाअन्तर्गत उनीहरूले नयाँ पार्टी, गुट, व्यक्ति, युवा र स्वतन्त्र भन्दै बरालिने र बहकिने क्रम बढिरहेको छ । उनीहरू जति जति नयाँ पार्टी, पात्र र युवा जस्ता बनिबनाउ विकल्पहरूमा बहकिनु हुन्छ त्यति नै राष्ट्रिय राजनीति विकृत र अराजक बन्दैगइरहेको छ । यसले पो गर्छ कि उसले पो गर्छ कि भन्दाभन्दै पुस्तौं-पुस्ता बित्ने देखिन्छ । तर समग्र यात्रा समाधनको दिशातिर छैन ।

वस्तुतः जनताले विकल्प खोजेको देखिन्छ तर उनीहरूले प्रणालीमा नभएर अमूक पार्टी, गुट र पात्रमा विकल्प खोजिरहेका छन् । सारभूत कमजोरी यहींनेर भइरहेको छ ।

यद्यपि जनताका स्तरबाट यस्तो बालसुलभपन राख्नु अन्यथा होइन । किनकि उनीहरू सबैलाई प्रणाली के हो ? चुनाव के हो ? पार्टी र पात्र के हो ? त्यसमध्ये पनि सबैभन्दा निर्णायक कुन हुन्छ भन्ने न्यूनतम राजनीतिक सचेतना नभएसम्म जनस्तरबाट गरिने फैसलाहरू सही नै हुन्छन् भन्ने वस्तुगत आधार हुँदैन ।

तर अब जनताले पनि सत्य-तथ्य बुझ्नु पर्दछ । पद्धति, पार्टी, पात्र, पुरानो, नयाँ, बूढा र तन्नेरीको भूमिका कति हो भनेर खुट्याउनुपर्छ । सही र गलत छुट्याउनुपर्छ । प्रणाली र सरकार वा राज्यसत्ता र सरकारको अन्तरलाई चिरफार गर्नुपर्दछ । कुन दृष्टिकोण, विचार, कार्यदिशा, कार्ययोजना र कार्यक्रम सही छ भन्ने ज्ञान राख्नुपर्छ ।

अग्रगामी र पश्चगामी, जनपक्षीय र जनविरोधी, देशभक्त र देशद्राही, ढोंगी र सक्कली, अभिनय र यथार्थ, बोली र व्यवहार, भनाइ र गराइ सुगरकोटेड नारा र धरातलीय कार्यदिशागत प्रक्रिया, योजना विन्यास र कार्यान्वयन अनि लोलीमा बोली र धरातलीय जीवन व्यवहारलाई राजनीतिक रूपमा राम्रोसँग पहिचान गर्नसक्ने सचेत नागरिक हुनु भनेको लगभग आधा समस्या स्वतः समाधान हुनु हो । तपाईं हामीले कुनै पनि वस्तु, सत्ता वा व्यक्तिप्रति वस्तुवादी भएर विश्लेषण र व्याख्या गर्नुपर्दछ । तब मात्र तथ्यमा पुग्न सकिन्छ । तथ्यमा पुगेर मात्र समस्याको जरा पत्तो लगाउन सकिन्छ ।

# कोषको रकम लगाएर व्यवसाय, लगानी बढाउन सकस

**पोष्ट संवाददाता**

धनगढी । गोदावरी नगरपालिका-३ की शान्ति विक विगत दुई बर्ष देखि बंगुर पालन व्यवसायमा आबद्ध छिन् ।

दलित महिला संघ फेडोले टोलमा गठन गरेको महिला समुहको घुम्तिकोषबाट १० हजार ऋण लगेर एउटा बंगुरबाट उनले व्यवसाय सुरु गरेकिथिइन् । अहिले उनि संग ४ माउ र २० पाडा रहेकाती बंगुरको खोर अभाबका कारण उनलाई समस्या भएको छ । व्यवस्थित खोर बनाउने इच्छा भएपनि आर्थिक अभावका कारण उनलाई समस्या भएको छ ।

'पहिला फेडोको घुम्तिकोषबाट सानो रकम ऋण लगेर व्यवसाय सुरु गरेकिथिएं,' उनले भनिन्, 'तर खोर बनाउन धेरै लगानी आवश्यक पर्छ, घुम्तिकोषको समुहबाट त्यती ऋण पाइदैन, अन्य स्थानबाट ऋण लग्न आफुसंग धरौंटीनै छैन ।'

प्रति जग्गामा घरबनाएर बसोवास गर्ने आफ्नो परिवारलाई बैंक तथा वित्तिय संस्थाबाट ऋण पाउने आधार नभएको उनले बताइन् । 'समुहमा ३० हजार सम्म मात्रै ऋण पाइने व्यवस्था गरिएको छ,' उनले भनिन्, 'खोर बनाउन दुई ढाई लाख रुपैंया लागि हाल्छ, त्यत्रो रकम जम्मा गर्न पनि सकिदैन, खोर अभावकका कारण धेरै बंगुर पाल्न सकिदैन ।'

'समुहमा आबद्ध महिलाको आर्थिक क्षमता अभिवृद्धि गर्न कोष सञ्चालन गरेका छौं,' कैलालीको बर्दगोरिया गाउँपालिका-१ की जेष्ठ महिला जौमति सार्कीले भनिन्, अहिले हाम्रो चेली बुहारीहरु त्यही कोषको रकम प्रयोग गरी स-सानो व्यवसाय सञ्चालन त गरिरहेका छन्, तर लगानी बढाउन खोज्नेलाई पूजी अभाव भइरहेको छ ।'

फेडोको परियोजना सञ्चालन भएपछि महिलामा चेतनाको स्तर बढेको र अन्यायका बिरुद्ध बोल्न सक्ने भए पनि ठुलो व्यवसायमा भने लाग्न नसकेको व्यवसायी महिलाहरु बताउँछन् । 'पहिला हामी घर भित्रै बोल्न सक्दैनथ्यौं,' उनले भनिन्, 'परियोजना सञ्चालन पछि फेडोले गरेका विभिन्न कार्यक्रममा सहभागि हुँदै जाँदा हाम्रो चेनता स्तर बढेछ, अहिले अन्यायका बिरुद्ध म नै बोल्न सक्ने भएकिछु, जातीय रुपमा कसैले होच्याउने गतिबिधि गरे प्रतिकारमा उत्रनसक्ने भएकिछु ।'

समुह निर्माण पछि दलित महिलाको आवाज बलियो बनेको बर्दगोरिया गाउँपालिका-१ की बसन्ती कर्मी बताउँछिन् । 'अहिले कसैलाई अन्याय भएमा पनि समुहमा आबद्ध सवै महिला त्यसका बिरुद्ध बोल्न गरेका छौं,' कर्मीले भनिन्, 'खुल्ला रुपमा हुने जातीय छुवाछुत अहिले घटेको छ, फेडोकै कारण हाम्रो समुहमा आबद्ध धेरै महिला विभिन्न पार्टीमा आबद्ध रहेर राजनीतिमा पनि सक्रिय हुनु भएको छ ।'

समुहमा आबद्ध भएपछि फेडोले व्यवसायी बन्न अभिप्रेरित गर्दै आयोजना गरेको तालिम पछि आफुपनि व्यवसायी बनेको उनले बताइन् । 'तालिममा आत्मनिर्भर भएर मात्रै महिला सक्षम बन्न सक्ने रहेछन् भन्ने थाहा पाए,' उनले भनिन्, 'समुहकै पैसा ऋण लगेर मैले सीलाईकटाई व्यवसाय सञ्चालन गरेकिछु, व्यवसाय सञ्चालन पछि परिवार र समाजमा मेरो सहभागिता पनि बढेको छ ।'

दलित महिला संघले कैलालीको बर्दगोरिया गाउँपालिका र गोदावरी नगरपालिकामा सञ्चालन गरेको 'नेपालमा दलित महिलाको मानव अधिकार सवलिकरण' परियोजना पछि लक्षित महिलामा भने भएको छ । महिला हरु आफ्ना कुरा समाजमा भन्न सक्ने, स-सानो व्यवसायमा आवद्ध हुने र न्यायका लागि सम्बन्धीत निकाय संग निर्धक्क भएर कुरा राख्ने सक्ने भएका छन् ।

## दार्चुला स्थित

वडा नम्बर ३ रतौडामा सशस्त्र प्रहरीको विओपी राख्न प्रस्ताव गरिएको छ ।

अतिक्रमित नेपाली भूमि कालापानी क्षेत्रको नजिक कौवामा विओपी राख्न दुई वर्षअघि नै जिल्ला सुरक्षा समितिले निर्णय गरिसकेको छ । तर, छाडरुमा सशस्त्र प्रहरीको गुल्म भवनको संरचना निर्माण सम्पन्न भइनसकेकोले विओपी थप्ने गृहकार्यले गति लिन सकेको छैन ।

दार्चुलाको पश्चिमोत्तरमा रहेको अन्तिम गाउँ तिंकरमा डेढ वर्षअघि नै सशस्त्र प्रहरीको विओपी भवन निर्माण गरिएको छ । तर, तिंकर नाका बन्द रहेको र हिमपातका कारण तिंकरमा सुरक्षाकर्मी नखटाइएको सशस्त्र प्रहरीका ४४ नम्बर गणपति डम्बरवहादुर विष्टले बताए ।

प्रस्तावित विओपीहरु सशस्त्र प्रहरीको हेडक्वाटरबाट स्वीकृत भएपछि स्थापना गरिने भएका छन् । नयाँ विओपी स्थापनाका लागि भवनसहितको पूर्वाधार निर्माण र बन्दोवस्तीको तयारीका लागि केही समय लाग्नसक्ने सशस्त्र प्रहरीको भनाई छ । मालिकार्जुन गाउँपालिकाको वडा नम्बर ६ बाकुपुल र चमेलिया जलविद्युत आयोजनाको बाँधस्थल बिटुलेमा पनि फरवार्ड वेश राख्न गृहकार्य भइरहेको ४४ नम्बर गण हेडक्वाटरले जनाएको छ । सबै स्थानमा फरवार्ड वेश र विओपी स्थापना गर्न थप जनशक्ति र स्रोतसाधनको व्यवस्थापन गर्नुपर्ने गणपति विष्टले बताए ।

'प्रस्तावित सबै स्थानको विवरण हेडक्वाटरमा पठाएका छौ,' उनले भने, 'स्वीकृत भएपछि स्थापना गर्छौं ।' अन्तर्राष्ट्रिय सीमानाकाहरुको नियमन र सुरक्षा निगरानीका लागि प्रस्तावित नयाँ इकाइहरु आवश्यक रहेको प्रमुख जिल्ला अधिकारी दीर्घराज उपाध्यायले बताए । सुन्सेरा र कौवाक्षेत्रमा विओपी स्थापना कार्य उच्च प्राथमिकतामा रहेको उनको भनाई छ ।

आउदो चैत्र-वैशाखमा तिंकर गाउँमा स्थानीयको कुञ्चा सरेसंगै सशस्त्र प्रहरीको विओपीमा पनि सुरक्षाकर्मी पठाउने तयारी भएको गणपति विष्टको भनाई छ ।

## हात्तीपाइले औषधीका...

भइरहेको बताए । स्थानीय जनप्रतिनिधिले नागरिकलाई बढी चसेत गराउन सक्ने हुँदा पालिकाको सहयोगमा गाउँगाउँमा नागरिकलाई सचेत गराउने तयारी गरिएको बताए । 'नागरिककले जनप्रतिनिधिलाई भरोषा गरेका हुन्छन्' उनले भने, 'जनप्रतिनिधिले भनेको अवस्थामा धेरै नागरिकले औषधी खानसक्छन् भन्ने हाम्रो अनुमान छ ।'

## ज्यान मार्ने धम्की...

प्रहरी निरीक्षक खगेन्द्र साउदले पत्र प्राप्त नभएको प्रतिक्रिया दिएका छन् । उनले रिटका आधारमा अनुसन्धान प्रक्रिया अघि बढाउने बताए ।


## श्री भानु माध्यमिक विद्यालय

धनगढी-१७, पथरी, कैलाली

### सिलवन्धी कोटेसन सम्वन्धी सूचना ।

सूचना प्रकाशन भएको मिति: २०७९/११/०४

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत यस विद्यालयमा ICT Lab स्थापना गर्न रु.६,५०,००० (छ लाख पचास हजार) अनुदान प्राप्त भएकोले शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर को मिति २०७९/०९/२९ च.नं. ३१५को पत्रमा उल्लेख भएको Specification अनुसारका तपसिल वमोजिमका सामग्रीहरु उपलब्ध गराउन र जडान गर्न यो सूचना प्रकासित भएको मितिले ७ दिन भित्र सिलवल्दी कोटेसन पेश गर्न मान्यता प्राप्त फर्महरुलाइ सूचित गरिन्छ ।

**तपसिल**

**सम्पादन गर्नुपर्ने कार्यहरु :**

1. Development/Deployment of Integrated Digital Library with Learning Management System(Software)- 1Set
2. Establishment of Educational AVR System-1Set
3. Provision of All-in-One Computer-1Set
4. Provision of Multifunction Printer-1Set
5. Trolley Stand with Locking-1Set
6. Networking and Electrical Wiring
7. Avaibility of Chair Set or Carpet -1Set (Optional)

संकलित कोटेसनहरु सम्वन्धित फर्मका प्रतिनिधिको रोहवरमा मूल्यांकन समितिले मिति २०७९।११।१२ गते बिहिवार विहान ११ वजे खोल्ने व्यहोरा सम्वन्धित सवैमा जानकारी गराइन्छ ।

**Note:** रीत नपुगेका र Specification विपरितका कोटेसनहरु मूल्यांकनमा समावेस गरिने छैन । Specification को विस्तृत जानकारीका लागी शिक्षा तथा मानव विकास केन्द्रको website www.cehrd.gov.np मा हेर्न सकिने छ ।

प्रधानाध्यापक

सम्पर्क नम्बर: ९८६९९०४८६९,९८१५६०४८६८



## धनगढी उप-महानगरपालिका

धनगढी, कैलाली

### संधियारको नाममा जारी सूचना

यस उप-महानगरपालिकाका वडा ५ मा अवस्थित कित्ता नं. ५० क्षेत्रफल ११९ व.मि.मा भवन निर्माण गर्ने घरधनी श्री शारदा कुमारी जोशी पन्तले यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन निर्माण गर्न निवेदन पेश गरेकोमा संधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ । निवेदन साथ पेश हुन आएको प्रमाण र नक्साको आधारमा निर्माण स्वीकृति दिंदा तपाईको जग्गा लगायत सार्वजनिक स्थलको हानि नोक्सानी हुन्छ हुँदैन, सन्धि सर्पन हानि नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्नु सुचित गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ ।

**१. निर्माणको निमित्त प्रस्तावित जग्गाको चारकिल्लाको विवरण**

| दिशा | आफ्नो जग्गा लम्बाई (फिट/मिटर) | छाडेको आफ्नो जग्गा (फिट/मिटर) | संधियार | | |
|---|---|---|---|---|---|
| | | | कि.नं. | लेन्डस्केपको प्रकार | नाम |
| पूर्व | | | | | लक्ष्मी प्रसाद शर्मा |
| पश्चिम | | | | | माधव प्रसाद उप्रेती |
| उत्तर | | | | | मुन्ना बिष्ट |
| दक्षिण | | | | | सडक |

घरको नाप: लम्बाई २६'०" चौडाई २४'०" उचाई : ३०'०" तल्ला संख्या: ३

**२. साईट प्लानको नक्सा**



## धनगढी उप-महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

(कर्मचारी प्रशासन तथा जनशक्ति विकास शाखा)

धनगढी, कैलाली

सुदूरपश्चिम प्रदेश नेपाल

### सेवा करारमा पदपूर्ति सम्बन्धी सूचना ।

प्रथम पटक प्रकाशित मिति :-२०७९/११/०३ गते बुधवार

यस धनगढी उप- महानगरपालिकाका, नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलालीमा देहाय बमोजिमको पदमा सेवा करारमा लिई कामकाज गराउन आवश्यक भएको हुँदा देहायका योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र आफुले हासिल गरेका शैक्षिक योग्यता, अनुभब र नागरिकताको प्रमाण पत्र तथा सुचनामा उल्लेख भए अनुसारका कागजातका प्रतिलिपि सहित यस कार्यालयमा रितपूर्बक दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल :-**

| क्र. सं. | बिज्ञापन नं. | पद | सेवा / समुह /तह | आबश्यक संख्या | शैक्षिक योग्यता | परिक्षाको किसिम | परिक्षा दस्तुर | उमेर | पारिश्रमिक |
|---|---|---|---|---|---|---|---|---|---|
| १. | ५ /०७९ /०८० | Mechanical Sub-Engineer ( मेकानिकल सब-ईन्जिनियर ) | प्राबिधिक (सहायकस्तर पाँचौं तह ) | १ (एक ) जना | मान्यता प्राप्त शैक्षिक संस्थाबाट , Mechanical Engineering वा Automobile Engineering बिषयमा प्रविणता प्रमाण –पत्र तह (१० +२) वा Diploma तह वा सो सरह उत्तीर्ण गरेको प्रमाण पत्र को प्रतिलिपि, र नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी र अनुभब तथा अन्य प्रमाण पत्रको प्रतिलिपी ‖ | करारमा प्राबिधिक कर्मचारी ब्यबस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७५ बमोजिम सूचीकरण बिवरण प्रकासन पश्यात अन्तर्वार्ता | ५०० /- | २१ बर्ष पुरा भई ४० बर्ष ननाघेको | सहायकस्तर पाँचौं तहको नेपाल सरकारको प्रचलित स्केल अनुसार |

(रामलाल श्रेष्ठ)

प्रमुख प्रशासकीय अधिकृत



## धनगढी उप-महानगरपालिका

धनगढी, कैलाली

### संधियारको नाममा जारी सूचना

यस उप-महानगरपालिकाका वडा ८ कान्तिपुरटोलमा अवस्थित कित्ता नं. २०९० क्षेत्रफल १६९.३१ व.मि.मा भवन निर्माण गर्ने घरधनी श्री सुनिता शेटी बोहराले यस न.पा.मा पेश गरेको नक्सा बमोजिमको भवन निर्माण गर्न निवेदन पेश गरेकोमा संधियारको नाममा यो सूचना प्रकाशित गरिएको छ । निवेदन साथ पेश हुन आएको प्रमाण र नक्साको आधारमा निर्माण स्वीकृति दिंदा तपाईको जग्गा लगायत सार्वजनिक स्थलको हानि नोक्सानी हुन्छ हुँदैन, सन्धि सर्पन हानि नोक्सानी हुने भए यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र सबुत प्रमाण सहित नगरपालिकामा उजुर गर्नु सुचित गरिन्छ । म्याद नाघी आएको उजुरी उपर कुनै किसिमको कारवाही नहुने व्यहोरा जानकारी गराइन्छ ।

**१. निर्माणको निमित्त प्रस्तावित जग्गाको चारकिल्लाको विवरण**

| दिशा | आफ्नो जग्गा लम्बाई (फिट/मिटर) | छाडेको आफ्नो जग्गा (फिट/मिटर) | संधियार | | |
|---|---|---|---|---|---|
| | | | कि.नं. | लेन्डस्केपको प्रकार | नाम |
| पूर्व | | | | | सडक |
| पश्चिम | | | | | हक्रीदेवी जैशी, मिना देवी धामी |
| उत्तर | | | | | रामस्वोरुप राना |
| दक्षिण | | | | | मथुरा शउड |

घरको नाप: लम्बाई ३९'३" चौडाई २२'६" उचाई : १०'५" तल्ला संख्या: १

**२. साईट प्लानको नक्सा**


## २०७९ यस्तो छ तपाईको राशिफल फागुन ४

**(मेष)** चु,चे, चो, ला, लि, लु, ले,

अनावश्यक बोल्ने समय छ । सामान्य कुरामा पनि विवाद उत्पन्न हुनसक्छ । पढाइबाट पनि सन्तोष मान्न सकिन्छ ।

**(बृष)** इ, उ, ए, ओ, वा, वि, वु, वे, वो

शत्रु पराजित हुनेछन् । आर्थिक दृष्टिले राम्रो समय छ । परिवारमा राम्रो वातावरण बन्नेछ ।

**(मिथुन)** का, कि, कु, घ, ङ, छ, के, को, ह

बोलीचालीमा सावधानी अपनाउनु पर्नेछ । राम्रो बोल्दा पनि नराम्रो अर्थ सुनाइ दिनेछ । स्वास्थ्य खराब होला ।

**(कर्कट)** हि, हु, हे, हो, डा, डि, डु, डे, डो

व्यवसायतिर मन जाला । शत्रु पराजित हुनेछन् । व्यापारबाट फाइदा होला । आर्थिक प्रगति हुनेछ ।

**(सिंह)** मा, मि, मु, मे, मो, टा, टि, टु, टे

खजाना प्राप्त हुनेछ । पुरानो धन सम्पति मिल्नेछ । सामाजिक कामको दायित्व थपिने छ ।

**(कन्या)** टो, प, पी, पू, ष, ण, ठ, पे, पो

पारिवारिक सन्तोष मिल्नेछ । मनमा उदारता आउने छ । यातायातको साधन प्रयोगबाट खास फाइदा हुने देखिन्न ।

**(तुला)** रा, री, रु, रे, रो, ता, ती, तु, ते

सन्तान प्राप्तिको योग छ । आफन्तबाट सहयोग मिल्नेछ । व्यापारबाट पनि लाभ होला ।

**(वृश्चिक)** तो, ना, नि, नू, ने, नो, या, यि, यू

शिक्षाको लागि उपयुक्त समय छ । नयाँ काम गर्ने उत्साह जाग्ने छ । यात्राको लागि उपयुक्त समय छ ।

**(धनु)** य, यो, भा, भी, भू, ध, फा, ढ, भे

फाटफुट काम सम्पन्न हुनेछन् । विभिन्न व्यक्ति मार्फत कार्य सम्पन्न हुनेछ् । नयाँ कामको अवसर आउने छ ।

**(मकर)** भो,जा,जी,,जू,जे,जो,ख,खि,खु,खे,खो,गा,गी

विश्वासको वातावरण बन्नेछ । व्यापारमा राम्रो छ । वाहनको प्रयोग गर्न पाइने छ ।

**(कुम्भ)** गु, गे, गो, सा, सी, सु, से, सो, द

धार्मिक एवं सामाजिक काममा सक्रिय रुपमा लाग्ने समय छ । विभिन्न ठाउँको भ्रमण हुनेछ । नयाँ मित्रसँग भेट हुनेछ ।

**(मीन)** दी, दू, थ, झ, ञ, दे, दो, च, ची

बोलिचालीमा विश्वासको वातावरण बन्नेछ । घाउचोट लाग्न सक्छ । सावधानी अपनाउनु होला ।


## खुशीको खबर ! खुशीको खबर !!

***"सीप सिकौं आत्मनिर्भर बनौं ।"***

हाम्रो यहाँ दक्ष, अनुभवी प्रशिक्षकद्वारा तालिम दिईनुका साथै दक्ष कालीगढबाट अर्डर अनुसारको आधुनिक कपडाहरु सिलाई गरिन्छ ।

8 जनाको समूह बनाइ आएमा 1 जनाको फी छुट गरिनेछ ।

साथै कपडा पनि उपलब्ध छ ।

## वबी बुटिक

एल.एन.चौक, धनगढी

**मो.नं.: ९८४८४६८२३०, ९८११६७६४५९**

# दार्चुला स्थित सीमा नाकामा चार विओपी थप्ने प्रस्ताव

**पोष्ट संवाददाता**

धनगढी । दार्चुलामा भारतसंगको अन्तर्राष्ट्रिय सीमानामा चारवटा विओपी थप्न प्रस्ताव गरिएको छ। भौगोलिक अवस्थिति र सुरक्षा चुनौतीको आकलन गर्दै महाकाली नदी किनार क्षेत्रमा विओपी थप्न प्रस्ताव गरिएका हुन्।

व्यास गाउँपालिका केन्द्र सुन्सेरा, वडा नम्बर ६ हुतीको बडुगाउँ, वडा नम्बर १ कौवा र लेकम गाउँपालिकाको वडा नम्बर ३ रतौडामा नयाँ विओपी राख्न प्रस्ताव गरिएको दार्चुलास्थित सशस्त्र प्रहरी ४४ नम्बर गणका गणपति एसपी डम्बरवहादुर विष्टले बताए ।

जिल्लास्तरबाट विओपी स्थापनाको सर्भेक्षण गरी स्वीकृतिका लागि हेडक्वाटरमा पठाइएको उनले बताए । सुन्सेरामा छिट्टै विओपी स्थापनाको गृहकार्य भइरहेको ४४ नम्बर गण हेडक्वाटरले जनाएको छ । विओपी स्थापनाका लागि सुन्सेरामा जग्गा व्यवस्थापन समेत भइसकेको गणपति विष्टले बताए। सुन्सेरामा विओपी स्थापना गरेपछि भारतसंग जोडिएका सीमानाकाहरु मलघट्ट र तिगरम पुलमा सशस्त्र प्रहरीको फरवार्ड वेश राख्ने तयारी छ।

व्यास गाउँपालिका वडा नम्बर ६ हुतीको बडूगाउँ नाकामा भने नयाँ विओपी स्थापनाको प्रस्ताव गरिएको छ। विओपी स्वीकृति नहुदासम्म बडूगाउँ र वडा नम्बर २ को मालघाटमा तत्काल फरवार्ड वेश राख्ने तयारी भएको गणपति विष्टले बताए। महाकाली नदीको मुहान नजिकको क्षेत्र व्यास गाउँपालिका वडा नम्बर १ को कौवा र दार्चुला जिल्लामा पर्ने महाकाली नदी किनारको अन्तिम गाउँ लेकम गाउँपालिकाको **(बाँकी ३ पेजमा)**

# हात्तीपाइले औषधीका बारेमा भएका भ्रमले समस्या

**पोष्ट संवाददाता**

धनगढी। सरकारले हात्तीपाइले रोग बिरुद्धको औषधी खुवाउने कार्यक्रम सञ्चालन गरेको ११ बर्ष भइसक्दा पनि कैलालीमा लक्ष्य पुरा हुन सकेको छैन ।

औषधी खान योग्य जनसंख्याको कम्तिमा ८० प्रतिशत नागरिकले लगातार ५ पटक सम्म औषधी सेवन गरेपछि जिल्लाबाट हात्तीपाईले निवारण भएको मानि गरिन्छ । तर कैलालीमा भने विगत १० बर्ष सम्म ८० प्रतिशत नागरिकले औषधी अखाएका छैनन्। जसका कारण कैलालीमा ११औं पटक पनि हात्तीपाईले रोग बिरुद्धको औषधी खुवाउने कार्यक्रम सञ्चालन गर्ने तयारी गरिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालय कैलाली औषधी सेवन गराउने कार्यक्रम सञ्चालन गर्ने तयारी गर्दै गर्दा नागरिकले भने औषधी प्रति गरिएका भ्रम हटाउनु पर्नेमा जोड दिएका छन् । 'हात्तीपाइलेको औषधीका नाममा विभिन्न अफवाह छन्,' धनगढी-१ का विदोन घिमिरेले भने, 'ती अफवाहका कारण नागरिकले औषधी सेवन गर्न अप्ठ्यारो मान्ने गरेका छन्, सरकारले ती अफवाह हटाउनु जरुरी छ ।'

हात्तीपाइले रोगको औषधी सेवन गर्दा बेहोस हुने, मान्छेको ज्यान पनि जान सक्ने भन्ने अफवाह रहेको उनले बताए। 'औषधी खुवाउनुहरु आउाछन्, खाली औषधी खाउन भनेर हातमा दिएर मात्रै जान्छन्,' उनले भने, 'त्यसरी हातमा औषधी दिएर जाँदा धेरैले औषधी खाँदैनन्, 'नागरिकलाई हात्तीपाइलेको औषधी किन खाने र त्यसले के फाइदा हुन्छ भन्ने बारेमा पनि सिकाउनु पर्दछ ।'

धनगढी-२ का अनुराग विष्टले पनि औषधीको बारेमा भएका गलत प्रचार हटाउनु पर्ने बताए ।

हात्तीपाइले रोग बिरुद्ध दिइने औषधी विदेशीले परिक्षणका लागि नेपाल पठाएका औषधी हुन् भन्ने प्रचार रहेको छ,' उनले भने, 'त्यो सत्य होकी हैन, त्यसबारेमा जानकारी दिनु आवश्यक छ ।'

हात्तीपाइले रोग बिरुद्धको औषधीका बारेमा गरिएका गलत प्रचार हटाउन सरकारले प्रयाप्त प्रचार/प्रशार गर्नुपर्ने उनले बताए। 'औषधी खाउ भनेर कसैले खादैनन्,' उनले भने, 'औषधीका बारेमा भइरहेका गलत प्रचार हटाउनु जरुरी छ, त्यसका लागि सवै नागरिकले औषधीका बारेमा जानकारी पाउनेगरी प्रचार/प्रशार हुनु आवश्यक छ ।'

स्वास्थ्य कार्यालय कैलालीका प्रमुख लालबहादुर धामीले भने औषधीका बारेमा नागरिकले बुझेको गलत सोच हटाउन सवै पालिकालाई जोड्ने तयारी **(बाँकी ३ पेजमा)**

## कसले खानु हुँदैन औषधी

दुई वर्ष उमेर नपुगेका बालबालिकाहरु, गर्भवती र सात दिन सम्मका सुत्केरी तथा सिकिस्त बिरामीहरु (कुनै कडा रोग लागि औषधि सेवन गरिरहेकाहरु, जस्तै क्यान्सर, मुटु रोगी, कलेजो रोगी, फोक्सोको दीर्घ रोगी), छारे रोगीहरु, २४ घण्टाभित्र ज्वरो आएको तथा कडा कुपोषण भएका पाँच वर्ष मुनिका बालबालिकाहरुले यो औषधि सेवन गर्नु हुँदैन ।

आम औषधि सेवन कार्यक्रम सञ्चालन हुने जिल्लाहरुमा बसोबास गर्ने औषधि सेवन गर्न मिल्ने सबै व्यक्तिले औषधि सेवन गर्नुपर्दछ । आम औषधि सेवन कार्यक्रम लागु भएका जिल्लाहरुमा तालिम प्राप्त स्वास्थ्यकर्मी तथा स्वयंसेवकहरुले तपाईंको घर नजिकैको बुथमा औषधि खुवाँउछन् । यो औषधि खाली पेटमा खानुहुँदैन ।

शरीरमा हात्तीपाइले रोगको परजीवी भएका व्यक्तिहरुको हातीपाइले रोग विरुद्धको औषधि सेवन गरेपछि सामान्य खालको टाउको दुखाइ, वाकवाकी लाग्ने तथा पेट दुख्ने हुनसक्छ । यदि त्यसो भएमा औषधिले प्रभावकारी काम गर्दैछ भन्ने बुझ्नु पर्छ । ती लक्षणहरु केही घण्टाभित्रमा आफैं हराएर जाने हुन्छ । केहीगरी ती लक्षणहरु लामो समयसम्म रहिरहेमा नजिकको स्वास्थ्य संस्थामा आवश्यक सल्लाह र उपचारका लागि सम्पर्क गर्नुपर्छ ।

# ज्यान मार्ने धम्की दिनेको खोजि गर्न दलित आयोगको आग्रह

**पोष्ट संवाददाता**

धनगढी । राष्ट्रिय दलित आयोगले दलित समुदायलाई हिंसात्मक तथा विभेदजन्य शब्द प्रयोग गर्ने व्यक्तिलाई कारबाही गर्न भन्दै जिल्ला प्रहरी कार्यालय कैलालीलाई पत्र पठाएको छ ।

सामाजिक सञ्जालमा सिंगो दलित समुदायलाई नै ठेस पुग्नेगरी गोपाल खड्का नामक आइडीबाट विभेदजन्य तथा हिंसात्मक शब्द प्रयोग गरेको भन्दै कारबाहीको माग गर्दै आयोगले कैलाली प्रहरीलाई पत्र पठाएको हो ।

गोपाल खड्का नामक फेसबुक आइडीबाट 'देवस्थानमा खड्का, बिष्ट, धामी, रावल, खाती र बोहरा एकजुट भएर एकजना दलितको ज्यान नलिएसम्म यिनीहरु सुधर्ने वाल छैनन्' भन्ने लगायतका शब्द प्रयोग भएको पत्रमा भनिएको छ ।

दलितमाथि विभेदजन्य हिंसात्मक शब्दहरु प्रयोग भएको र अन्य व्यक्तिहरुले पनि सो को समर्थन गरी गालीगलौच गरेको देखिएकोमा यसबारे आयोगमा गुनासो आएकाले कागजात संलग्न गराई कारबाहीका लागि पत्र पठाइएको आयोगले जनाएको छ ।

गोपाल खड्का नामक फेसबुक आइडी चलाउनेलाई तत्काल छानबिन गरी कारबाही गर्नुपर्ने र सो को विवरण आयोगमा पठाउन पत्रमा अनुरोध गरिएको छ। जिल्ला प्रहरी कार्यालय कैलालीका **(बाँकी ३ पेजमा)**

## आवश्यकता

यस के.वी. उद्योगका लागि कर्मचारीको आवश्यकताभएकोले इच्छुक योग्य व्यक्तिहरुबाट दरखास्त आह्वान गरिन्छ ।

**पद :** मार्केटिङ्ग

**सख्या :** ३ जना (महिला-१, पुरुष-२)

**योग्यता :** न्युनतम एसएलसी उत्तीर्ण

**आवश्यक कागजात :** नागरिकताको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि,

**दरखास्त दिने अन्तिम मिति :** २०७९/११/१० गते

**नोट :** सवारी साधन भएको र अनुवीलाई प्राथमिकता दिइनेछ ।

सम्पर्क :

**के.वी. उद्योग**

हसनपुर-५, धनगढी

मो.नं. : ९८६८०२९४२७, ९८०४६२६७२८

## निसर्ग हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि.

सुदूरपश्चिम प्रदेशको पहिलो अत्याधुनिक सुविधा सम्पन्न हस्पिटल

### उपलब्ध विशेषज्ञ सेवाहरू...

**नवजात शिशु तथा बालरोग सेवा**

नवजात शिशु तथा बालरोग विशेषज्ञ डाक्टर द्वारा बच्चाको ज्वरो, रूघाखोकी, विभिन्न संक्रमण, सम्बन्धि संक्रमण, बच्चामा रक्तचाप, एलर्जी, श्वासप्रस्वास समस्या, सुगर, थाईराईड, जण्डीस, एनिमिया, मोटोपना, दुब्लोपना, मिर्गी वा मुर्छापर्ने समस्या, बच्चाको शारिरिक वृद्धि, विकास, आहार एंव पोषण लगायत विभिन्न खोपहरू सम्बन्धि उपचार तथा परामर्श सेवा ।

**हाडजोर्नी तथा नसा रोग सेवा**

हाडजोर्नी, नसा तथा बाथरोग विशेषज्ञ डाक्टरद्वारा अत्याधुनिक कम्प्यूटर प्रविधिबाट भाँचिएका, मर्केका, जन्मजात बांगाटिंगा भएका हड्डीहरूको उपचार तथा अप्रेशन लगायत हाडजोर्नीको संक्रमण, बाथरोग, यूरिक एसिड, जोर्नी, घुंडा, कांध, कमर, गर्दन दुखाई, हातखुट्टा/जिउ झमझम गर्नेको उपचार साथै शरीरमा राखिएका रड, प्लेट, पिन आदि अप्रेशनबाट झिक्ने सेवा ।

**जनरल मेडिसिन (फिजिसियन) सेवा**

फिजिसियन (जनरल मेडिसिन) डाक्टर द्वारा मुटुरोग, ब्लड प्रेशर, सुगर, पेट, ग्यास्ट्रीक, अल्सर, छाती, दम, कलेजो, कोलेस्ट्रोल, टाईफाईड, थाईराईड, हर्मोन, डेंगु, स्कबटाईफस, सिकलसेल एनिमिया आदिको विशेषज्ञ उपचार सेवा ।

**जनरल तथा दुरबिन बाट अप्रेशन सेवा**

जनरल तथा ल्याप्रोस्कोपीक सर्जन डाक्टर द्वारा दुरवीन प्रविधिबाट पित्तथैलीको पत्थरी,एपेन्डिक्स, हर्निया, हाईड्रोसिल, पाईल्स, फिस्टुला, आन्द्रा बेरिएको/फुटेको, स्तन तथा शरीरका गाँठा-गुठी आदिको उपचार तथा अप्रेशन सेवा ।

**स्त्री तथा प्रसुती रोग सेवा**

स्त्री तथा प्रसुती रोग विशेषज्ञ डाक्टर द्वारा तल्लो पेट दुख्ने, महिनावारी गडबडी, सेतो पानी बग्ने, स्तनको समस्या, बाँझोपन, पाठेघरमा मासु पलाएको, पाठेघरको ट्यूमर, डेलिभरी लगायत आदिको सम्पूर्ण उपचार तथा अप्रेशन सेवा ।

**भिडियो एक्स-रे सेवा**

भिडियो एक्स-रे विशेषज्ञ (रेडियोलोजिष्ट) डाक्टर द्वारा पेट, घांटी, स्तन, पाठेघर, अण्डकोष, टाउको आदीको भिडियो एक्स-रे साथै एक्स-रे, सि.टि. स्क्यानको रिपोर्टीङ्ग सेवा ।

**मानसिक तथा नशा रोग सेवा**

मानसिक रोग विशेषज्ञ डाक्टर द्वारा सोचाई र बिचारमा गडबडी हुनु, मनमा कुरा खेलीरहनु, विनाकारण डर लाग्नु, झर्को लाग्ने, निराश हुने, शंका लाग्ने वा नकारात्मक सोच आउने,आत्महत्याको सोच आउने,मुटु ढुकढुक हुने,टाउको दुख्ने,चिट चिट पसिना आउने,यौन चाहनामा कमी आउने,बेहोस हुने आदी समस्याको उपचार सेवा ।

**मुख, अनुहार तथा बङ्गारा रोग सेवा**

मुख, अनुहार तथा बङ्गारा विशेषज्ञ डाक्टर द्वारा मुख भित्र घाउ खटिराहरू भएको र सुन्निएको,मुख कम खुल्ने,नखुल्ने,खोक्दा आवाज आउने,चपाउदा दुख्ने,अनुहार सुन्निएको,अनुहारमा घाउहरू भएको, अनुहारको प्लास्टिक सर्जरी,बङ्गाराको प्याएक्चर, चोटपटक, सुन्निएको सम्बन्धि उपचार तथा अप्रेसन सेवा ।

**नाक, कान, घाँटी रोग सेवा**

नाक, कान, घाँटी रोग विशेषज्ञ तथा हेड एण्ड नेक सर्जन डाक्टर द्वारा पिनास, नाकमा मासु पलाएको, घाटीको टङसिल,कान कम सुन्ने,कान नसुन्ने, कानबाट पिप बग्ने समस्याको उपचार तथा अप्रेशन सेवा ।

**छाला, यौन रोग तथा सौन्दर्य सेवा**

छाला, चर्म, यौन तथा सौन्दर्य विशेषज्ञ डाक्टर द्वारा सरीर चिलाउने,पुरानो दाद,कपाल खस्ने,तालु खुइलिने,कुष्ठरोग तथा नशा झमझमाउने, यौनरोगको, उपचार तथा परामर्श सेवा ।

**मृगौला तथा मुत्र रोग सेवा**

मृगौला रोग विशेषज्ञ (नेफ्रोलोजिष्ट) /वरिष्ठमुत्ररोग विशेषज्ञतथा मृगौला शल्य चिकित्सक (युरोलोजिष्ट) डाक्टर द्वारा मृगौला (किड्नी), पिसाबनली, पिसाब थैलीको पत्थरी तथाप्रोष्टेट ग्रन्थी सम्बन्धि सानो प्वालपारी दुरवीन प्रविधि (Mini PCNL) तथा ना चिरफाड (Endoscopic) विशेषज्ञ उपचार तथा अप्रेशन सेवा ।

**न्युरो तथा मस्तिस्क रोग सेवा**


न्युरो फिजिसियन तथा न्युरो सर्जन विशेषज्ञ डाक्टर द्वारा टाउको दुख्ने, गर्दन दुख्ने, ढाड दुख्ने, मुर्छा पर्ने, मिर्गी आउने, माइग्रेन, हात, खुट्टा, जिउ दुखाई हुने एवं झमझम गर्ने, हात, खुट्टा, गर्दन, ढाड, शरीरको नशा च्यापिएको, दिमाग वा मेरूदण्डको सम्पुर्ण समस्या तथा न्यूरो सम्बन्धी सम्पुर्ण समस्या ।



सघन उपचार (ICU) सेवा


नवजात शिशु (NICU) सेवा


बाल सघन (PICU) सेवा


कृतिम स्वास प्रस्वास (Ventilator)


२४ सै घण्टा अप्रेशन सेवा


साधारण तथा वातानुकुलित क्याबिन




**कुनैपनि रोगको सफल उपचार तथा परामर्शको लागि सम्पर्क गनुहोला**

हसनपुर,धनगढी-५, कैलाली, नेपाल

nisargahospitalnepal@gmail.com /nisargahospitalnepal

२४ सै घण्टा आकस्मिक सेवा

HELLO 091-526681
EMERGENCY 9865680100
SUPPORT CALL 9804600745

## मानव संसाधन विकास प्रतिष्ठान

**(लक्ष्मी नारायण क्षयरोग उपचार, प्रेषण तथा अनुसन्धान केन्द्र)**

गोदावरी नगरपालिका-६, श्रीपूर, कैलाली

### अन्तिम नतिजा प्रकाशन सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति : २०७९/१०/२७)

यस प्रतिष्ठानको मिति २०७९।०५।१२ गते प्रकाशित ज्ञापन नं. ०१-२०७९/८० को सूचना बमोजिम मिति २०७९।१०।०९ र १० गते संचालन भएको लिखित र २०७९।१०।२४ को अन्तर्वार्ता परीक्षामा सहभागि उम्मेदवारहरुले प्राप्त गरेको प्राप्ताङ्कको आधारमा देहाय बमोजिमको योग्यताक्रम कायम हुन आएकोले सेवा करार नियुक्तिको लागि मिति २०७९।१०।२६ गतेको पदपूर्ति समितिको निर्णयानुसार लक्ष्मी नारायण क्षयरोग उपचार, प्रेषण तथा अनुसन्धान केन्द्रमा सिफारिस गरिएको व्यहोरा सम्बन्धीत सबैकलाई जानकारी गराउदै सिफारिस भएका उम्मेदवारले सूचना प्रकाशित भएको ७ (सात) दिन भित्र कार्यालयमा सम्पर्क राख्न यो सूचना प्रकाशित गरिएको छ ।

**१) पद : हेल्थ असिस्टेन्ट  तह : सहायक पाँचौ  माग पद संख्याः १**

**अन्तर्वार्तामा सहभागि संख्या : ३**

**सिफारिश योग्यताक्रम**

| क्र.स. | उम्मेदवारको नाम,थर | ठेगाना | बाबुको नाम |
|---|---|---|---|
| १. | बिष्णु चौधरी | कृष्णपुर न.पा. ६, कञ्चनपुर | राजाराम चौधरी (डगौरा) |

**बैकल्पिक योग्यताक्रम**

| क्र.स. | उम्मेदवारको नाम,थर | ठेगाना | बाबुको नाम |
|---|---|---|---|
| १. | संजय चौधरी | उर्मा गा.वि.स. कैलाली | लाल बहादुर चौधरी |

**२) पद : ल्याव टेक्निसियन  तह : सहायक पाँचौ  माग पद संख्याः १**

**अन्तर्वार्तामा सहभागि संख्याः २**

**सिफारिश योग्यताक्रम**

| क्र.स. | उम्मेदवारको नाम,थर | ठेगाना | बाबुको नाम |
|---|---|---|---|
| १. | सुरेश चौधरी | बेलौरी न.पा. १४, कञ्चनपुर | रुपलाल चौधरी |

**बैकल्पिक योग्यताक्रम**

| क्र.स. | उम्मेदवारको नाम,थर | ठेगाना | बाबुको नाम |
|---|---|---|---|
| १. | भुवन सिंह धामी | मालिकार्जुन गा.पा.२, दार्चुला | मान सिंह धामी |

सम्पर्क नं. ९७४९८०००००३,९८४८७३८७७१

**अध्यक्ष**

**मानव संसाधन विकास प्रतिष्ठान**

धनगढी, कैलाली

धनगढी पोष्ट दैनिकका लागि कर्ण शाहद्वारा सम्पादित/प्रकाशित, ठेगाना : धनगढी-१ एलएनचौक, फोन ०९१- ५२५७७०, फ्याक्स -५२२४५६,
Email : dhangadhipost@gmail.com, Website:www.dhangadhipostnews.com, मुद्रकः समैजी अफसेट प्रेस बैयाबेहडी, धनगढी, कार्यकारी सम्पादक : हिमाल जोशी